लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भलादमी डाँडा, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स. ०८२/०८३

च.नं.

## सेवा करार पदपूर्ती गर्ने सम्बन्धि सूचना

### प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/०६

आ.व. २०८२/२०८३ मा स्थानिय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तरगत "म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम" सञ्चालनका लागि यस गाउँपालिकामा जनस्वास्थ्य अधिकृत करार सेवामा पदपूर्ती गर्नुपर्ने भएकोले तपशिल बमोजिमको सेवा तथा पदमा करार सेवामा रही कामकाज गर्न ईच्छुक, योग्यता पुगेका नेपाली नागरिकहरु बाट सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र तल उल्लेखित विवरणहरु र राजश्व तिरेको रसिद सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | सेवा/समुह | पद/तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १/२०८२-२०८३ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | जनस्वास्थ्य अधिकृत/अधिकृत सातौं | १ | १००० । | |

१. न्युनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षा संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक तह (BPH) उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता वा नविकरण भएको हुनुपर्ने छ ।

२. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः (क) व्यक्तिगत विवरण (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (ग) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो (घ) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (ङ) सम्बन्धित काउन्सिलमा दर्ता र नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि (च) अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि ।

३. परीक्षाको किसिमः संक्षिप्त सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।

४. दरखास्त दिने स्थानः लिखु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भलाद्मी डाँडा, नुवाकोट ।

५. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (तर दरखास्तको अन्तिम दिन सार्वजनिक बिदा भएमा लगत्तै कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ)।

६. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) हुनुपर्नेछ।

७. तलब स्केल तथा अन्य सुविधाः सम्बन्धित कार्यक्रममा तोकिए बमोजिम हुनेछ।

८. सेवा करार अवधिः आ.ब.२०८२/२०८३ को असार मसान्त सम्म ।

९. परिक्षा मितिः पछि प्रकाशित गरिनेछ र थप जानकारीको लागि गाउँपालिका कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०.पठ्यक्रमः लोक सेवा आयोगले सम्बन्धित तहको लागि तोकेको पाठ्यक्रम बमोजिम ।

११. राजश्व बुझाउने बैंकः कृषि विकास बैंक छहरे शाखा, नुवाकोटको खाता नंः ०२२४८०१९४५१०८०१९।

१२. दरखास्त फाराम (अनुसूची -२) यस कार्यालयको website बाट download गर्न सकिनेछ ।

२०८२/०५/०६

शेर सिंह रावत

प्रमुख प्रशासकीय अधिकृत